म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २०८ आइतबार, १ चैत २०८२ ने. सं. ११४६ चिल्लागा 15 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडाकी मन्दिरा समानुपातिक सांसद्को सूचीमा

हेटौंडा, ३० फागुन/हेटौंडाकी मन्दिरा मोक्तानको नाम समानुपातिक सांसद्को सूचीमा समावेश भएको छ । श्रमसंस्कृति पार्टीले समानुपातिक सांसद्को नाम टुंग्याएसँगै मोक्तानको नाम समावेश भएको हो ।

यो पार्टीले समानुपातिकतर्फ ४ जनाको नाम सिफारिस गरेको हो । जसमा पार्टीले आदिवासी महिलाबाट हेटौंडाकी मोक्तानको नाम टुंग्याएको हो । हालै सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनबाट श्रमसंस्कृति पार्टीले समानुपातिकतर्फ ४ जना सांसद् पाउने गरी मत पाएको छ । तीमध्ये खसआर्य महिलाबाट अम्बिका संग्रौला, दलित कोटाबाट सुर्खेतकी राधिका रम्तेल र आदिवासी जनजातिबाट पूर्व गोर्खालाहुरे पूर्ण लिम्बूलाई समानुपातिक सांसदका लागि सिफारिस गर्ने गरी टुंगो लगाइएको छ ।

### इथानोल मिश्रित पेट्रोल:

## आयात घटाउने र रोजगारी बढाउने नीति

साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ सरकारले पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने नयाँ नीति कार्यान्वयनमा ल्याएको छ ।



मन्त्रिपरिषद्ले जारी गरेको 'पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२' राजपत्रमा प्रकाशित भएको छ । यो आदेशमार्फत् स्वदेशी कच्चापदार्थमा आधारित उद्योग प्रवर्द्धन, रोजगारी सिर्जना, कृषि तथा जैविक स्रोतको उपयोग बढाउने र ऊर्जाक्षेत्रमा आयातमा निर्भरता घटाउने सरकारको लक्ष्य छ । आदेशअनुसार नेपाल आयल निगमले उपलब्धताअनुसार प्रतिलिटर पेट्रोलमा अधिकतम १० प्रतिशतसम्म इथानोल मिश्रण गर्नुपर्नेछ । आवश्यकताअनुसार मन्त्रिपरिषद्ले यो अनुपात घटबढ गर्न सक्ने व्यवस्था पनि आदेशमा गरिएको छ ।

इथानोल उत्पादनका लागि प्रयोग गर्न सकिने कच्चापदार्थमा मोलासेस, नेपियर घाँस, खेरजाने कृषि तथा वनजन्य जैविकपदार्थ, पराल, मकैको ढोड, गहुँको छ्वाली, सिमलतरुल (कास्साभा), सडेगलेको अन्न, मर्चा (यिस्ट) र अन्य आवश्यक रसायन समावेश छन् । खाद्यान्नको दुरुपयोग रोक्नका लागि खाद्यान्नका रुपमा प्रयोग हुने अन्न इथानोल उत्पादनमा प्रयोग गर्न नपाइने व्यवस्था पनि गरिएको छ । उद्योगले प्रचलित कानुनअनुसार तोकिएका कच्चापदार्थबाट मात्र उत्पादन गर्नुपर्नेछ र उत्पादन गरिएको इथानोल नेपाल आयल निगमलाई मात्र बिक्री वितरण गर्नुपर्नेछ ।

यसले बजारलाई नियन्त्रित गर्दै इथानोलको प्रयोग पेट्रोलमा मिश्रणसम्म सीमित गर्ने नीति स्पष्ट गर्दछ । उद्योगले उत्पादन प्रक्रियामा वातावरणमैत्री उपाय अपनाउनुपर्ने, गुणस्तर मापदण्ड कायम गर्नुपर्ने र गुणस्तर परीक्षणको जिम्मेवारी आफ्नै प्रयोगशालाबाट गर्नुपर्ने आदेशमा उल्लेख छ । निगमले पनि प्रत्येक ट्यांकरको गुणस्तर परीक्षण गरेर मात्र खरिद गर्नेछ । इथानोलको मूल्यनिर्धारण सरकार द्वारा सिफारिस समितिको सुझावमा प्रत्येक आर्थिक वर्ष सुरु हुनुअघि हुनेछ । मूल्य निर्धारण नहुँदा अघिल्लो वर्षको मूल्य कायम रहनेछ । निर्धारित मूल्य प्रत्येक वर्ष साउन १ गतेदेखि लागू हुनेछ ।

नेपाल आयल निगमले इथानोल खरिदका लागि उद्योगसँग सम्झौता गर्नुपर्नेछ र उद्योगले दैनिक आवश्यक परिमाण, तोकिएको स्थान र समयमा इथानोल उपलब्ध गराउनुपर्नेछ । उद्योगले सम्झौतामा उल्लंघन गरेमा प्रचलित कानुन अनुसार क्षतिपूर्ति माग गर्न सकिने व्यवस्था गरिएको छ । इथानोल ढुवानीको जिम्मेवारी उद्योगलाई दिइएको छ । अत्यधिक ज्वलनशील र पानी अवशोषण गर्ने प्रकृतिको इथानोल ढुवानी गर्दा उच्चसुरक्षा मापदण्ड अपनाउनुपर्ने आदेशमा उल्लेख गरिएको छ । मन्त्रालयले सुरक्षित भण्डारण, मिश्रण र ढुवानीका लागि मापदण्ड तयार गरी लागू गर्नेछ ।

सरकारले इथानोल मूल्यनिर्धारण र उद्योगलाई सुविधा दिने सिफारिसका लागि समिति गठन गरेको छ । समितिको संयोजक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव हुनेछन् भने अर्थ, कृषि, गुणस्तर तथा नापतौल विभाग, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान र नेपाल आयल निगमका प्रतिनिधि सदस्य रहनेछन् । आदेशअनुसार समितिले कच्चापदार्थ लागत, करछुट, सुविधा, राष्ट्रिय प्राथमिकता उद्योग मान्यता, उपकरण आयातमा करछुट, कृषक र कृषि सहकारीलाई मल/बीज/विद्युत् महसुलमा सहुलियतलगायत विषयमा सिफारिस गर्नेछ ।

यो नीति कार्यान्वयनबाट कृषि अवशेष र जैविक स्रोतको उपयोग बढाउने, नयाँ उद्योग स्थापना गर्ने र ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको छ । यसको कार्यान्वयनको प्रभावकारिता भने उद्योगको क्षमता, कच्चापदार्थको उपलब्धता तथा सरकारको नियमनमा निर्भर हुनेछ । समितिले मूल्यनिर्धारण गर्दा प्राथमिक लागत (प्राइम कस्ट), कारखानाको शिरोभार लागत, प्रशासनिक तथा सञ्चालन खर्च र अन्य आवश्यक खर्चलाई आधार मान्ने छ, जसले गर्दा उत्पादक र उपभोक्ता दुवैलाई मार नपर्ने गरी वैज्ञानिक मूल्य निर्धारण हुने अपेक्षा गर्न सकिन्छ ।

इथानोल मिश्रित पेट्रोल प्रयोगबारे सर्वसाधारणमा हुनसक्ने भ्रम र जोखिमबारे सचेत गराउन र यसको उपयोगिताबारे जानकारी दिन जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी आयल निगमलाई दिइएको छ । यो आदेश कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भए त्यसको अन्तिम व्याख्या गर्ने अधिकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा निहित रहने छ ।

## १,३६९ उम्मेदवारले खोलेनन् चुनावी बैंकखाता, के हुन्छ कारबाही ?



साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ प्रतिनिधिसभा सदस्य निर्वाचनमा सहभागी भएका ठुलो संख्याका उम्मेदवारले निर्वाचन आयोगको व्यवस्था उल्लंघन गर्दै चुनाव केन्द्रित बैंकखाता सञ्चालन नगरेको पाइएको छ ।

निर्वाचन आयोगले गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सबै राजनीतिक दल तथा उम्मेदवारलाई चुनावीखर्च बैंकिङ प्रणालीमार्फत मात्र गर्नुपर्ने व्यवस्था गरेको थियो । निर्वाचनलाई पारदर्शी र प्रभावकारी बनाउने उद्देश्यले यस्तो व्यवस्था गरिएको भएपनि एक हजार बढी उम्मेदवारले त्यसलाई बेवास्ता गरेका छन् । आयोगकाअनुसार निर्वाचनमा ३ हजार ४ सय ६ उम्मेदवार सहभागी भएका थिए । तर, तीमध्ये २ हजार ३७ जनाले मात्र निर्वाचन केन्द्रित बैंकखाता सञ्चालन गरेका छन् ।

बाँकी १ हजार ३ सय ६९ उम्मेदवारले भने आयोगको व्यवस्था पालना नगरी बैंकखाता नै नखोलेको तथ्य सार्वजनिक भएको छ । निर्वाचनमा प्रत्यक्षतर्फ ७५ वटा राजनीतिक दल र समानुपातिक तर्फ ६३ वटा दल सहभागी भएका थिए । तर, निर्वाचन सम्पन्न हुँदासम्म केवल ११ दलले मात्र चुनावीखर्चका लागि बैंकखाता सञ्चालन गरेका थिए । निर्वाचन सम्पन्न भइसके पनि यस विषयमा आयोगले अहिलेसम्म कुनै ठोस निर्णय नगरेको आयोगले जनाएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले यस विषयमा आयोगले छलफल गरेर आवश्यक निर्णय गर्ने बताए ।

उनले बैंकखाता सञ्चालन नगरी जथाभावी खर्च गर्ने उम्मेदवार माथि खर्चको आधारमा कारबाही हुने जानकारी दिए । आयोगले चुनावी खर्चलाई पारदर्शी बनाउने उद्देश्यले 'निर्वाचन प्रचार-प्रसार बैंकखाता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२' जारी गरेको थियो ।

कार्यविधि अनुसार निर्वाचनमा भागलिन आयोगमा दर्ता भएका राजनीतिक दल, तिनका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारले प्रचार-प्रसारका लागि प्राप्त हुने आर्थिक सहयोग, चन्दा तथा सबै खर्च विशेष बैंक खातामार्फत् मात्र गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

नगद कारोबारलाई निरुत्साहित गर्दै आम्दानी-खर्चको स्पष्ट अभिलेख राख्ने उद्देश्यले आयोगले यस्तो व्यवस्था गरेपनि धेरै राजनीतिक दल तथा उम्मेदवारले त्यसलाई बेवास्ता गरेको देखिएको छ ।

## भीमफेदीमा नि:शुल्क स्वास्थ्यशिविर



साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ मकवानपुरको भीमफेदी गाउँपालिका वडा नं. ४ स्थित निबुवाटारमा नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

वडा नम्वर ४ को वडा सिलिङ बजेटको सहयोग र निबुवाटार स्वास्थ्यचौकीको आयोजनामा शनिबार एक दिने नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको हो । हर्ट फाउन्डेसन मकवानपुरको प्राविधिक सहयोगमा सञ्चालित शिविरमा चितवन मेडिकल कलेजका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. मनोजकुमार श्रेष्ठलगायतको टोलीले बिरामीको परीक्षण गरेको थियो ।

शिविरमा २९३ जनाले स्वास्थ्यसेवा लिएका थिए । परीक्षणका क्रममा ५ जनामा मुटुको गम्भीर समस्या देखिएको छ । जसमध्ये एकजनालाई तत्काल शल्यक्रियाका लागि अस्पताल बोलाइएको छ ।

महिलाको भीआइए परीक्षण गर्दा ४ जना महिलामा पहिलोचरणको पाठेघरको क्यान्सर लक्षण देखिएको छ । साथै शिविरमा ५४ जनाले दाँतसम्बन्धी उपचार तथा परामर्श प्राप्त गरे ।

कार्यक्रममा वडाध्यक्ष सागर पाण्डेले ग्रामीण क्षेत्रका नागरिकलाई विशेषज्ञ स्वास्थ्यसेवामा सहज पहुँच पुऱ्याउन वडाको बजेटमार्फत् यो कार्यक्रम आयोजना गरिएको बताए । उनले रोगको समयमै पहिचान गरी उपचारमा सहयोग पुगोस् भन्ने उद्देश्यले शिविर सञ्चालन गरिएको र आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।

आफ्नै घरदैलोमा विशेषज्ञ चिकित्सकबाट नि:शुल्क जाँच, सुगर, प्रेसर र परामर्श सेवा पाएपछि स्थानीय बासिन्दाले खुसी व्यक्त गरेका छन् ।

## निर्वाचनमा सहज वातावरण: पर्यवेक्षक



साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन अघिल्ला निर्वाचनहरु भन्दा सहज वातावरणमा सम्पन्न भएको सरोकारवालाले बताएका छन् ।

हेटौंडामा आयोजित निर्वाचन पर्यवेक्षक संस्थाका प्रतिनिधि, सञ्चारकर्मी तथा राष्ट्रिय मानव अधिकार आयोगबीच भएको निर्वाचन समीक्षा बैठकमा अघिल्ला निर्वाचनमा भन्दा अधिकांश उम्मेदवारले कमखर्च र शान्त वातावरणमा निर्वाचन सम्पन्न गरेको उल्लेख गरिएको हो । बैठकमा राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेश कार्यालयका प्रमुख चन्द्रकान्त चापागाईंले विद्यालयमा निर्वाचन नगराउन कतिपय क्षेत्रबाट सल्लाह सुझाव आएको भएपनि स्थान अभावले विद्यालयमै निर्वाचन सम्पन्न गर्न बाध्यता परेको बताएका छन् ।

आगामी दिनमा यसको विकल्पको खोजी गरी व्यवस्थापन गर्नुपर्नेमा उनले जोड दिए । उनले विद्यालयपछि स्वास्थ्य संस्थामा पनि केही निर्वाचन केन्द्र तोकिएकोले झनै अव्यवस्थित देखिएको उल्लेख गरेका छन् । कार्यक्रमका सहभागीले अघिल्ला निर्वाचनमा भन्दा चुनावखर्च कम गरेको, नागरिक सरकार भएका कारण दबाबरहित र भयरहित रुपमा निर्वाचन सम्पन्न भएको निष्कर्ष निकालेका छन् । निर्वाचनमा मतबदर धेरै भएकोले मतदाता शिक्षामा कमी भएको र समानुपातिक उम्मेदवारलाई चुनावी प्रचारमा असहज वातावरण देखिएकोले अब आउने निर्वाचनमा सुधार गर्नुपर्ने सुझावसमेत दिइएको छ ।

कार्यक्रममा गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटा, मानवअधिकार संगठन मकवानपुर अध्यक्ष शर्मिला श्रेष्ठलगायत निर्वाचन पर्यवेक्षणमा सहभागी विभिन्न संघसंस्थाका प्रतिनिधि तथा सञ्चारकर्मीको सहभागिता थियो ।

बैठकले सुर्खेतकी इनिशा बिकको बलात्कारपश्चात हत्या भएको घटनाप्रति खेद व्यक्त गर्दै यो विषयमा मकवानपुरका विभिन्न निकायमा ध्यानाकर्षण गराउने निर्णय पनि गरेको छ । समाजमा बलात्कारका घटना बढ्दै गएको पाइएकोले अबको कार्यक्रममा महिलालक्षित भन्दा पनि पारिवारि करुपमा वा किशोरलाई नैतिकशिक्षाको आवश्यक देखिएको पनि सहभागीले जनाएका छन् ।



साझाकुरा

## हाम्रो कुरा

# 'खेलकुदलाई व्यापारसँग नजोडौँ'

हेटौंडामा जारी दोस्रो खेलकुद तथा व्यापार मेलाले खेलकुद र व्यवसायबीचको सम्बन्धबारे पुन: बहस जन्माएको छ । एकातिर खेलकुदलाई आर्थिक सम्भावनाको क्षेत्रकारुपमा विकास गर्नुपर्छ भन्ने आवाज छ भने अर्कोतिर खेलकुदलाई नाफामुखी व्यापारसँग जोड्दा यसको मौलिक उद्देश्य नै कमजोर हुने त होइन भन्ने चिन्ता पनि उत्तिकै बलियो छ । 'खेलकुदलाई व्यापार-व्यवसायसँग नजोडौँ' भन्ने बहस यही सन्दर्भमा थप गहिरिएको छ । खेलकुदको मूलआत्मा प्रतिस्पर्धा, अनुशासन, स्वास्थ्य, राष्ट्रिय गौरव र सामाजिक एकता हो । खेलमैदानमा खेलाडीले देखाउने संघर्ष, इमानदारी र समर्पण पैसाले मात्र नाप्न सकिँदैन । जब खेलकुद अत्यधिक व्यवसायीकरणतर्फ जान्छ, तब प्रतिभाभन्दा ब्रान्ड, खेलाडीभन्दा बजार मूल्य र खेलको आत्माभन्दा नाफा प्रधान हुन थाल्छ । अन्तर्राष्ट्रिय अनुभवले पनि देखाएको छ–अत्यधिक व्यापारिक दबाबले खेलाडीको मानसिक स्वास्थ्य, दीर्घकालीन विकास र खेलको निष्पक्षतामा नकारात्मक असर पारेका उदाहरणहरु प्रशस्तै छन् । हेटौंडामा भइरहेको दोस्रो खेलकुद तथा व्यापार मेलाले खेलकुदलाई आर्थिक गतिविधिसँग जोडेर रोजगारी, लगानी र स्थानीय उद्यम प्रवर्द्धन गर्ने उद्देश्य राखेको देखिन्छ ।

यो उद्देश्य आफैंमा गलत होइन । खेल सामग्री उत्पादन, व्यवस्थापन, खेल पर्यटन र पूर्वाधार विकासजस्ता क्षेत्रमा व्यवसायिक सहभागिता आवश्यक नै छ । तर, यहाँ यक्षप्रश्न के हो भने–के खेलकुद व्यवसायको साधन मात्र बन्ने हो, कि व्यवसाय खेलकुदको सहायक माध्यम ? खेलकुदलाई पूर्णरुपमा व्यापार बाट अलग राख्नु व्यवहारिक नहुन सक्छ । तर, खेलकुदको नेतृत्व, नीति र प्राथमिकता बजारले होइन, मूल्य र उद्देश्यले निर्धारण गर्नुपर्छ । विद्यालय तहदेखि राष्ट्रियस्तरसम्म खेलकुद विकासको मूलआधार प्रतिभा पहिचान, प्रशिक्षण, दीर्घकालीन योजना र राज्यको जिम्मेवारी हुनुपर्छ । यदि व्यावसायिक स्वार्थले खेलछनोट, टोली निर्माण वा खेलाडीको करियर निर्देशित गर्न थाल्यो भने त्यसले खेलकुदलाई असमान, पहुँचविहीन र केही सीमित वर्गको कब्जामा पुऱ्याउने खतरा रहन्छ । हेटौंडामा जारी खेलकुद तथा व्यापार मेलाको सन्दर्भमा आयोजक, नीति निर्माता र सहभागी सबैले आत्ममन्थन गर्नुपर्ने बेला आएको छ । मेलाले खेलकुदका लागि आवश्यक प्रविधि, पूर्वाधार र व्यवस्थापनमा निजीक्षेत्रको भूमिका देखाओस् तर, खेलकुद वा खेलाडीको आत्मा बेच्ने मञ्च नबनोस् । प्रायोजन, विज्ञापन र व्यापारिक सहकार्य पारदर्शी, नैतिक र खेलाडी-केन्द्रित हुनुपर्छ । खेलकुद समाज निर्माणको आधार हो, नाफा कमाउने मात्र साधन होइन । स्वस्थशरीर, अनुशासित नागरिक र एकताबद्ध समाज निर्माणमा खेलकुदको भूमिका अमूल्य छ । त्यसैले हेटौंडाबाट उठेको 'खेलकुदलाई व्यापार-व्यवसायसँग नजोडौँ' भन्ने बहसलाई खेलकुदविरोधी होइन, खेलकुदको संरक्षण र सन्तुलित विकासका लागि चेतावनीका रुपमा लिनु जरुरी छ । व्यवसाय खेलकुदको सेवक बनोस्, मालिक होइन–यही सन्देश यस मेलाले दिनसके मात्र यसको सार्थकता रहनेछ ।

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले पनि यही कुराको सन्देश दिन खेलकुद विकास समितिलाई उद्देश्यअनुरुपको कार्य गर्न आग्रह गरेका छन् । जिल्ला खेलकुद समिति मकवानपुरको आयोजनामा शुक्रबारदेखि हेटौंडा-१० टिसिएनचौरमा सुरु भएको दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवको उद्घाटनमा मुख्यमन्त्री बानियाँले खेलकुदलाई व्यापार-व्यवसायसँग जोड्न नहुने बताएका हुन् । जुन उद्देश्यले खेलकुद विकास समिति स्थापना गरिएको हो, सोहीअनुरुपको कार्य गर्नुपर्ने उनको धारणा छ । खेलकुदसँग सम्बन्धित कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे । मुख्यमन्त्री बानियाँले प्रदेश गौरवको योजनाकारुपमा रहेको गौरीटार रंगशालामा थप खेलपूर्वाधार निर्माणको तयारी भइरहेको जानकारी दिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत २ गते सोमबार १६ मार्च २०२६ । द्वादशी, चैत्र कृष्णपक्ष । चिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:१५ सूर्यास्त ६:१२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : चुनौतीहरु बढ्नेछन् | **तुला** | : प्रयत्न निरर्थक हुनेछ |
| **वृष** | : आम्दानी घट्नेछ | **वृश्चिक** | : व्यावसायिक काम बन्नेछ |
| **मिथुन** | : मित्रताले हर्ष बढ्नेछ | **धनु** | : सहयोगीले असहयोग गर्नेछन् |
| **कर्कट** | : कामको तारिफ हुनेछ | **मकर** | : पढाइमा प्रगति हुनेछ |
| **सिंह** | : अरुको मन लोभ्याउन सकिनेछ | **कुम्भ** | : समस्या दोहोरिन सक्नेछ |
| **कन्या** | : दाम कमाउने बेला छ | **मीन** | : घरेलु काममै अलमल हुनेछ |

# निर्वाचन परिणाम: आशा, आक्रोश र आवेगको मिश्रण



✍ डा. बलराम तिमल्सिना

प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भई परिणाम समेत आइसकेको छ । निर्वाचन परिणामले नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी र मधेशवादी दललाई मूर्छित बनाएको छ । झन्डै दुई तिहाइ बहुमत प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टी भने आगामी दिशाबारे विमर्शमा छ । सत्ता प्राप्तिको अप्राकृतिक खेल र गठबन्धनबाट दिक्क भएका जनताले अबको पाँच वर्ष एकमना सरकार बन्ने भयो भनेर सन्तोषको सास फेरेका छन् । विश्वास गर्ने हो, आउने सरकारले राम्रै गर्छ । विश्वास आर्जन गर्ने काम सरकार हाँक्नेहरूको हो अन्यथा पाँच वर्षपछि यिनीहरूको पनि हविगत हुने उस्तै नै हो । देशको सत्ता समीकरणमा उलटपुलट ल्याएको यो निर्वाचनले केही महत्वपूर्ण सन्देश दिएको छ । यो लेखमा बुँदागत रूपमा ती सन्देशबारे छोटो विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### भाषण होइन, काम हेर्न चाहन्छन् जनता

कांग्रेस, एमाले र नेकपाले आकाश-पाताल जोड्ने भाषण प्रशस्तै गरे । २०४८ देखि २०८२ को आम निर्वाचनसम्म आइपुग्दा जनताले अनुभूत गर्ने गरी बोलेका कुरा पूरा गर्न सकेनन् । दलहरूले केही पनि गरेनन् भन्ने भाष्य सत्य होइन । तर जति आश्वासन दिए सबै पूरा गर्न सकेनन् । कामभन्दा भाषण बढी गरे । सपना देखाइरहे विपनामा सक्रियता देखाएनन् । रास्वपा सभापति रवि लामिछाने पनि भाषणमा कम होइनन् । अझ आवेग र आक्रोश मिश्रित उत्तेजित भाषण गर्न माहिर छन् उनी । तर यो दलका प्रस्तावित प्रधानमन्त्रीका उम्मेदवारको छोटो र जनबोलीको भाषाले लोभ्यायो जनतालाई । उनले भनिरहे- म भाषण गर्न आएको होइन, काम गर्न आएको हुँ । त्यसैले धेरै बोल्नु छैन । विशाल आमसभामा समेत ३ मिनेटमा आफ्नो सन्देशमूलक भाषण सके उनले ।

### पात्र, प्रवृत्ति र चरित्र नहेरिएको निर्वाचन

यो निर्वाचनमा मतदाताले शायदै उम्मेदवारको बारेमा सोधपुछ गरे । उम्मेदवारको पृष्ठभूमि, योग्यता, चरित्र आदिको बारेमा जान्न आवश्यक नै ठानेनन् मतदाताले । कैयौं उम्मेदवारले जिल्लाको विकास निर्माणको नेतृत्व गरेका थिए । उनीहरू जनताको समस्याका बारेमा भलिभाँती जान्दथे र ती समस्या समाधानका लागि जिल्लामै बसेर निरन्तर खटिरहेका पनि थिए । तर यो निर्वाचनमा उनीहरूले लज्जास्पद हार बेहोरे । कारण उनीहरू कांग्रेस, कम्युनिस्ट वा मधेशवादी दलबाट उम्मेदवार भए । नेपाली जनता कांग्रेस, एमाले, नेकपा र मधेशवादी दलभित्रको बेथिति, अस्तव्यस्तता र मौलाउँदै गएको आसेपासेवादबाट वाक्क भएका थिए । सरकारमा एकपटक यीभन्दा बाहिरका दलबाट प्रतिनिधित्व भएको हेर्न चाहन्थे मतदाता । त्यसैले जनताले कतै बालेनको नाममा भोट दिए त कतै घण्टीको नाममा । उम्मेदवारी नै खारेज भएको क्षेत्रमा समेत बहुमत उसैलाई दिए ।

### दल र सरकार दुवैमा युवाको नेतृत्व देख्न चाहन्छन् जनता

रास्वपा युवाले नेतृत्व गरेको दल हो । त्यहाँ जे निर्णय हुन्छ युवाकै वर्चस्वमा हुन्छ । रास्वपाले यस पटकको निर्वाचनमा प्रशस्तै युवालाई उम्मेदवार बनाएको थियो । प्रस्तावित प्रधानमन्त्री बालेन ३६ वर्षे युवक हुन् । यस कारण पनि युवाहरूको रोजाइ रास्वपा हुन पुग्यो । युवाको नेतृत्व त कांग्रेसमा पनि आएको थियो । तर यो नेतृत्व नियमित प्रक्रियाबाट स्थापित भएको थिएन । युवाहरूको जबरजस्त विद्रोहबाट अस्वाभाविक भएको थियो । दलका करिब ४५ प्रतिशत नेता-कार्यकर्ता यो प्रक्रियासँग सहमत नहुँदा नहुँदै स्थापित भएको नेतृत्व हो यो । कांग्रेसमा स्थापित युवाको नेतृत्वले उसका कार्यकर्ता र केही हदसम्म नेपाली जनतालाई उत्साहित नबनाएको होइन । तर अत्यन्त कम समय, विशेष महाधिवेशनका विपक्षमा रहेकाहरूको युवा नेतृत्वलाई देखाइदिने क्रियाकलाप आदिका कारण कांग्रेसले अपेक्षित परिणाम प्राप्त गर्न सकेन ।

एमाले र नेकपामा युवाहरू नभएका होइनन् । तर उनीहरूको सोच, विचार र चाहना अनुसारको निर्णय हुँदैन ती दलमा । नेकपा एमालेमा गोकर्ण विष्ट, पद्मा अर्याल, योगेश भट्टराई, शंकर पोखरेल, बिन्दा पाण्डे, गोकुल बास्कोटा, विष्णु पौडेल र प्रदिप ज्ञवालीहरू सुनिन पनि मसिनु सुनिन्छन्, लिखितमा देखिन त परै जाओस् । माओवादीका देव गुरुङ, पम्फा भुसाल, शशि श्रेष्ठ, लीलामणि पोखरेल, वर्षमान पुन, लेखनाथ न्यौपाने, गिरिराजमणि पोखरेलहरू न सुनिन्छन् न दलको निर्णयमा देखिन्छन् । खासगरी वामपन्थी दलका निर्णयहरूमा त्यस्तो नेतृत्व हावी भएको छ जो आफूलाई सर्वज्ञ र सर्व दृष्टिवाला ठान्छ । आफूले देखेको र जानेको कुरा नै अन्तिम सत्य मान्छ र विना छलफल, विना वादविवाद, विना प्रश्नोत्तर निर्णयहरू गराउँछ र लागू गर्न फर्मान जारी गर्छ । जनताको इच्छा ठिक विपरीत छ । जनता भन्छन्, तिमीहरूले २०४८ देखि अनवरत नेतृत्व गऱ्यौ, अब अवकाश लेऊ । अभिभावकको भूमिकामा बस र युवाहरूलाई सम्पूर्ण रूपमा नेतृत्व सुम्प ।

### जनताको आँखामा कांग्रेस, एमाले, माओवादी र मधेशवादी उस्तै देखिए

पुराना भनिने यी दलहरूले आफूलाई जे-जस्तो विशेषण दिए पनि जनताले सबै दललाई एउटै डालोमा हालेको देखियो । हुन पनि हो आजसम्मको बेथिति, कुशासन, भ्रष्टाचार, कमजोर सेवा प्रवाह, लाभका पदमा दलीय भागबण्डा आदि यी सबै दलमा देखियो । पाउँदा र आफू भान्सामा हुँदा कसैले छोडेनन् । यी दलहरू कति अलोकप्रिय भइसकेका रहेछन् भन्ने त उनीहरूले पाएको मतले नै देखाइहाल्यो । संसद्मा यी पुराना भनिने दलहरू विगतमा कहिले सत्ता पक्षको बेञ्चमा बसे होलान्, कहिले प्रतिपक्षको बेञ्चमा । तर २०४८ देखि आजसम्म सत्तामा यिनीहरूले नै आलोपालो गरिरहेकोले जनताको नजरमा यी सबै दलहरू राज्य सञ्चालक र संस्थापन पक्षका दलहरू हुन् । प्रतिशतमा घटबढ भए पनि आजसम्मको बेथितिको भागीदार यी सबै दलहरू हुन् ।

### काम गरेन परम्परागत प्रचार शैलीले

यो निर्वाचनले स्पष्ट भन्यो कि, ठूलाठूला आमसभा गरेर, केन्द्रबाट नेताहरू खटाएर, टोल र गाउँका नेताहरूलाई भेटेर वा परिचालन गरेर भोट बढ्ने वाला छैन । अब त यस्ता क्रियाकलापले मत झन् झन् घट्छ । टोलको अगुवाले कसैलाई भोट दिन छिमेकीहरूलाई भन्यो भने के फाइदा लिइस् तैंले भन्ने जमाना आएको छ । विगतमा जनता आफ्नो उम्मेदवारलाई आफ्नै घरदैलोमा आफैं भेट्न चाहन्थे । आफ्ना समस्या, गुनासा र सरोकारका विषयहरू उम्मेदवारका कानमा आफैं सुनाउन चाहन्थे । तर, यस पटक सामाजिक सञ्जालले सबै किसिमका प्रचार शैलीलाई उछिन्यो । सबैका हातमा इन्टरनेट सहितको मोबाइल फोन भएको अवस्थामा टिकटक, रिल्स, स्टोरी, फेसबुक आदि चुनाव प्रचारका साधन बने । कतिपय उम्मेदवारले प्रतिस्पर्धीका बारेमा झुटा सूचना फैलाएर चुनाव आफ्नो पक्षमा पार्ने प्रयास गरेको समेत पाइयो । अबका निर्वाचनमा यी माध्यम अझ सशक्त र प्रभावकारी रूपमा प्रयोग हुनेछन् ।

### मतदातालाई मतलब छैन भ्रातृ संगठन र पद

राष्ट्रिय स्वतन्त्र पार्टी बाहेक अन्य सबै दलका भ्रातृ संगठनहरू यति छन् कि गाउँका सबैलाई कुनै न कुनै पद बाँड्न पुग्छ । शिक्षक, युवा, विद्यार्थी, किसान, मजदुर, कर्मचारी, पूर्व सेना, विभिन्न जातीय संगठनहरू गिन्ती गरेर साध्य छैन यिनीहरूका भ्रातृ र शुभेच्छुक संगठनहरू । तर, अहिले करिब दुई तिहाइ मत प्राप्त गर्ने रास्वपा र पूर्वमा समानुपातिक मतमा कांग्रेस-एमालेलाई पछि पारेको श्रम संस्कृति पार्टीको न कुनै भ्रातृ संगठन छन् न वडासम्म समिति निर्माण गर्न नै भ्याएका थिए । जनता भने यिनकै पक्षामा उर्लिए । जनताले चाहँदा न सदस्य चाहिंदो रहेछ न कुनै समिति । न कुनै शुभेच्छुक संस्था चाहिने रहेछ न भ्रातृ संस्था । विना सदस्य, विना पद, विना संगठन पनि भोट ओइऱ्याउँदा रहेछन् भन्ने उदाहरण हो यो निर्वाचन । त्यसैले यो निर्वाचनको अर्को महत्वपूर्ण सन्देश यी अनावश्यक भ्रातृ र शुभेच्छुक संस्थाहरू खारेज गर भन्ने पनि हो । यस्ता संस्थाका सदस्यहरूले आफ्नो प्रमुख जिम्मेवारीका काम नगरेर दलको काममा खटेको देख्दा सर्वसाधारण जनताको उक्त दलप्रतिको आस्था र विश्वास खस्कँदै गएको छ ।

### जनता भन्छन्- भ्रष्टाचारी र व्यभिचारीप्रति कठोर बन

पूर्ण लोकतन्त्र, वाक् स्वतन्त्रता र स्वतन्त्र सञ्चारमाध्यम भएको नेपाल जस्ता देशमा साना-साना अनियमितता समेत समाचारमा आउँछन्, जुन लोकतन्त्रको सुन्दर पक्ष हो । भ्रष्टाचारको आरोप लागेका वा अदालतले प्रमाणित गरेकालाई सम्बन्धित दलले कस्तो व्यवहार गर्छ भनेर जनता हेरिरहेका हुन्छन् । कम्युनिस्ट देश हुन् वा पश्चिमा देशहरू, त्यहाँ जुनसुकै पदको व्यक्ति होस् भ्रष्टाचारमा मुछियो भने दलले कारबाही गर्छ र त्यस्तो नेतालाई पद दिएर अगाडि बढाएकोमा जनतासँग माफी माग्छ । तर, हाम्रोमा भ्रष्टाचार प्रमाणित भएर जेल परेका नेता जेलबाट छुट्दा दलका नेता-कार्यकर्ता फूलमाला लिएर स्वागत गर्न पुग्छन् अनि नेतृत्वमा पुन: स्थापित गर्छन् । विभिन्न काण्डहरूमा मुछिएको व्यक्तिलाई दलले उम्मेदवार बनाउँछ । संसद्मा कुरा उठ्यो भने प्रतिवादमा उत्रन्छ । त्यसैले यो निर्वाचनको अर्को सन्देश सबै राजनीतिक दलहरू भ्रष्टाचारी र व्यभिचारीप्रति कठोर बन र त्यस्ता व्यक्तिलाई दलको ढोका बन्द गर भन्ने पनि हो ।

### दर्शन, सिद्धान्त र विचारप्रतिको विकर्षण

कांग्रेस र कम्युनिस्ट जनहितकारी, लोकतान्त्रिक मूल्य, मान्यता र संस्कृति अनुरुपको दर्शन, विचार, सिद्धान्त र नीतिलाई आधार मानेर स्थापना भएका दलहरू हुन् । तर व्यवहारमा लागू भएको देखिंदैन । तर, वैकल्पिक शक्ति भनिने दलहरूको दर्शन, सिद्धान्त के हो ? राज्य प्रणाली कस्तो हुने हो ? अर्थ व्यवस्था, परराष्ट्र नीति, शिक्षा नीति आदि कस्ता हुने हुन् ? स्पष्ट र बुझिने गरी कहीं व्याख्या विश्लेषण गरेको पाइँदैन । संविधान र संघीयताका बारेमा नेतापिच्छे फरक धारणा सुनिन्छ । काम कसरी गर्ने, कुन पद्धति अपनाउने, स्रोत र साधन कसरी जुटाउने, मित्र राष्ट्रहरूसँगको सम्बन्ध केका आधारमा अगाडि बढाउने, वैदेशिक सहायता के-कस्तो अवस्थामा स्वीकार गर्ने वा नगर्ने आदिको बारेमा कुनै स्पष्टता देखिंदैन । तर पनि मतदाताहरू समाजवादी वा साम्यवादी, प्रजातान्त्रिक वा लोकतान्त्रिक कुनै दर्शन, सिद्धान्त वा विचारको पछि लाग्न रुचि राख्दैनन् भन्ने प्रमाणित गऱ्यो यो निर्वाचनले । आशा गरौं, रास्वपाको नेतृत्वलाई राज्य सञ्चालन गर्न लोक रिझाउने भाषणले मात्र पुग्दैन भन्ने कुरा जानकारी छ । विश्वास पनि गरौं- यो दलले आगामी दिनमा आफ्ना सैद्धान्तिक र वैचारिक धरातल स्पष्ट पार्दै एक जिम्मेवार दलको रूपमा राज्य सञ्चालन गर्नेछ ।

### युवा चाहना- सुशासन, भ्रष्टाचारमुक्त प्रशासन र रोजगारी

युवामा आक्रोश छ- देशमा भ्रष्टाचार व्याप्त छ, देश कुशासनमा डुबेको छ, नियम, कानून र विधिले काम गर्दैन । नेपालको संविधानले सबै नागरिकलाई रोजगारीको हक प्रदान गरेको मात्र होइन, प्रत्येक नागरिकलाई रोजगारीको छनोट गर्न पाउने हक समेत व्यवस्था गरेको छ । तर व्यवहारमा जस्तोसुकै काम पाए पनि गर्छु भन्ने लाखौं नागरिक बेरोजगार छन् । निजामती, प्रहरी, सेना, शिक्षक र केही संस्थानमा खुल्ने केही हजार रोजगारी बाहेक अन्यत्र कहाँ पाइन्छ जागिर नेपालमा ? सानोतिनो उद्योग व्यवसाय, व्यापार, खेती गरेर परिवार पाल्छु भन्नेहरूले भोग्नुपर्ने नियति त किसानका उत्पादनले उचित मूल्य नपाएर वा नबिकेर फालिएको अवस्थाले स्पष्ट पार्छ । वित्तीय संस्थाबाट ऋण लिएर केही गर्छु भन्ने युवाहरूको चर्को ब्याजको कारण प्रगति हुनु त परै जाओस् भएको पैतृक सम्पत्ति पनि धितो लिलाम भएर सडकमा आइपुगेका हजारौं उदाहरण छन् ।

### शिक्षा र स्वास्थ्य नि:शुल्क

युवाले उठाएको अर्को मुद्दा हो नि:शुल्क शिक्षा र स्वास्थ्य उपचार पाउने संवैधानिक प्रावधानको कार्यान्वयन । हामीले देखेका छौं, कसैका छोराछोरी मासिक १ लाख शुल्क तिरेर महङ्गो विद्यालयमा पढ्छन् भने कोही विद्यालयको पोशाक, कापी र कलम किन्न नसकेर विद्यालय छाड्न बाध्य छन् । यस्तो विभेदकारी शिक्षा अस्तित्वमा रहुञ्जेल भोलि ती दुवै वर्गले एकै किसिमको रोजगारी पाउने, समान आय आर्जन गर्ने र एउटै स्तरको जीवनयापन गर्ने सुनिश्चितता कसरी हुन्छ ? अनि यही परिपाटीको पालनपोषण गर्ने दललाई कसरी भोट दिन सकिन्छ भनेर युवादेखि प्रौढसम्मले प्रश्न गर्न थालिसकेका थिए । जनताले उठाउने अर्को विषय हो स्वास्थ्य सेवा । नेपालमा कतिपय सुविधासम्पन्न अस्पताल छन्, जहाँ एकरात बिरामी सुतेको मात्र १५ हजार भन्दा बढी तिर्नुपर्छ । सरकारी अस्पतालमा समेत उपचारका लागि सर्वसाधारणलाई बेड पाउन मुश्किल छ । रास्वपाको सरकार बन्यो भने खल्तीमा पैसा नहुनेले पनि गुणस्तरीय शिक्षा र बिरामी हुँदा उपचार पाउँछन् भन्ने बालेनको वाक्यले सर्वसाधारणको मन जितेको छ । यही कुरा अन्य दलले पनि भनेका थिए तर विगतमा बोलेका वचन पूरा नगर्ने व्यवहारका कारण जनताले पत्याएनन् ।

### सन्तानको अभिमतलाई अभिभावकको अनुमोदन

कारण जेसुकै होस्, यसपटक युवाहरू रास्वपाप्रति आकर्षित भए । खासगरी वैदेशिक रोजगारीमा रहेका युवा मतदाताले आफ्ना बा-आमा, श्रीमान्-श्रीमतीलाई अनुरोध गरेर हुन्छ कि, घुर्क्याएर हुन्छ मत परिवर्तन गराए । कतिपयले त अन्यथा गरे पैसा नपठाउने वा घर नआउने जस्ता कठोर निर्णय समेत सुनाए । उनीहरूको बढी आशा केही छैन मात्र, देशमै रोजगार भएर परिवारसँग बस्न पाए हुन्थ्यो भन्ने हो । यो पटक प्रौढ मतदाताले पनि मौन रूपमा तर खुसीका साथ सन्तानको भनाइ माने र घण्टीमा छाप लगाए । आशा गरौं नयाँ सरकारले उनीहरूको चाहना पूरा गर्नेछ । विदेशिएका युवा चाँडै स्वदेश फर्कने छन् र रोजगार हुनेछन् ।

### समान र सुलभ न्याय

संविधानमा 'सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन' भनिएको छ । तर के हामी सबैलाई यो प्रावधान समान र निष्पक्ष रूपमा लागू भएको छ ? समान कसुर र गल्तीमा के सबैले समान दण्ड सजाय पाएका छन् ? एउटै प्रकृतिको कसुर र अपराधमा व्यक्तिको आर्थिक हैसियत, राजनीतिक दलका नेता तथा उच्च पदस्थ कर्मचारी, प्रहरी आदिसँगको सम्बन्ध र पहुँचका आधारमा दण्ड सजाय फरक-फरक हुन्छ । अझ न्याय प्राप्तिमा हुने ढिलाइ त कुरा गरिसाध्य छैन । तल्लो अदालतको निर्णयानुसार व्यक्ति दशौं वर्ष जेल बस्छ अनि जेल भुक्तानी हुने बेलातिर माथिल्लो अदालतले निर्दोष प्रमाणित गरिदिन्छ । उसको लागि यो न्यायको के अर्थ ! यस पटक रास्वपाले न्यायालय पुनर्संरचनाको कुरा पनि उठाएकोले जनता त्यसप्रति आकर्षित भएको पाइयो ।

### अन्त्यमा

संविधानको व्यवस्था कार्यान्वयनमा ढिलाइ, राजनीतिक दल र नेताहरूको बोलाइ अनि गराइको फरकले युवादेखि वृद्धसम्म एक प्रकारको निराशा छाएको छ । डाक्टर, वकिल, शिक्षक, पत्रकार कर्मचारी लगायत सम्पूर्ण क्षेत्रमा जरा गाडेको राजनीतिक ुवीकरण र यसले सार्वजनिक सेवा प्रवाहमा पारेको नकारात्मक असरले सबैलाई आजित बनाएको छ । जनतामा सरकार, राजनीतिक दल, नेता तथा नेपालको कर्मचारीतन्त्र प्रति आक्रोश र वितृष्णा छ भने राज्यले उपलब्ध गराउने सेवा, सुविधा र अवसरमा पनि असन्तुष्टि । यी सबै बेथिति भोगेका जनताले २०७९ को निर्वाचनमा नै कांग्रेस, एमाले, तत्कालीन माओवादी र मधेशवादी दललाई सुध्र कि सकिन तयार होऊ भनेर सङ्केत गरेकै थिए । तर उनीहरू झन् बिग्रिए, सुध्रिएनन् । नेल्सन मण्डेला भन्नुहुन्थ्यो- यदि नागरिकमा राज्यप्रतिको आड, भरोसा र विश्वास गुम्न थाल्यो भने राज्य असफलताको बाटोमा अगाडि बढ्छ । नेपालीका लागि अहिले सबभन्दा गम्भीर विषय यही हो ।

*(साभार: अनलाइनखबर)*

# दुई धार, एउटै गन्तव्य: रवि-बालेनको यात्रा कहाँसम्म ?

✍ सन्तोष धिताल

नेपालको समकालीन राजनीतिमा परम्परागत दलहरूप्रति जनविश्वास कमजोर हुँदै गएको अवस्थामा केही नयाँ राजनीतिक पात्रहरू अचानक प्रभावशाली रूपमा उदाएका छन् । तीमध्ये विशेष रूपमा चर्चामा आएका दुई व्यक्तित्व हुन्- रवि लामिछाने र बालेन शाह । यी दुवै व्यक्तित्वलाई धेरैले राजनीतिक परिवर्तनको सम्भावित वाहकका रूपमा हेरेका छन्, जुन गत फागुन २१ गतेको निर्वाचन र त्यसको मतपरिणामले प्रमाणित गरिसकेको छ । लामो समयदेखि सत्तामा रहेका दलहरूको कार्यशैली, भ्रष्टाचारका आरोप, राजनीतिक अस्थिरता र प्रशासनिक कार्यक्षमताबाट निराश नागरिकले नयाँ अनुहारतर्फ आशा राख्न थालेका हुन् । यही सन्दर्भमा लामिछाने र शाह दुवैको उदय केवल व्यक्तिगत सफलता मात्र होइन, यो व्यापक राजनीतिक असन्तुष्टिको अभिव्यक्ति पनि हो ।

निर्वाचनअघि दुई नेताहरूबिच सहकार्य र पार्टी एकताको चर्चा चल्यो । उम्मेदवारी मनोनयन गर्नुअघि दुई नेताबिच सातबुँदे सहमति भयो । सहमतिअनुसार पार्टीको केन्द्रीय सभापति रवि लामिछाने नै रहनेछन् भने आसन्न प्रतिनिधिसभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीका उम्मेदवारका रूपमा बालेन शाह हुने उल्लेख गरिएको छ । यही सहमतिका आधारमा चुनावी अभियानमा बालेनलाई सम्भावित प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरिएको थियो । निर्वाचनको मतपरिणामसँगै यतिबेला बालेन प्रधानमन्त्री बन्ने सम्भावना चर्चा र बहसको विषय बनेको छ । तर निर्वाचनको परिणाम आएसँगै भावी प्रधानमन्त्री को भन्ने विषयमा रास्वपाका नेताहरूबिच फरक-फरक धारणाहरू आउन थालेका छन् । यसले रवि र बालेनबिचको राजनीतिक सहमतिमा आशङ्का भने उब्जाएको छ । योसँगै गम्भीर प्रश्न पनि उठेको छ- सत्ता दुई नेताको हातमा आएसँगै उनीहरूको सहकार्य कति टिकाउ हुन्छ ? निर्वाचनको परिणाम र सरकार गठन प्रक्रिया नहुँदै उनीहरूको सम्बन्धलाई लिएर टिप्पणी गर्न तत्काल हतार हुन्छ । तर शैली, सोच र राजनीतिक व्यवहारका आधारमा विश्लेषण गर्दा उनीहरूबिचको सम्बन्ध त्यति सरल रेखामा अघि बढ्ने देखिँदैन ।

किनभने बालेनसँग सहमति नहुँदासम्म रवि लामिछाने राजनीतिक रूपमा कमजोर देखिएका थिए । जब बालेनसँग सहमति भयो, त्यससँगै रास्वपाको लोकप्रियता बढेको देखिन्छ । तर लोकप्रियताको लहरले अहिले सबै कुरा सजिलो देखिए पनि वास्तविक राजनीति निकै कठोर हुने गर्छ । यदि यी दुई नेताबिच राजनीतिक सहकार्य हुँदै चुनावी अभियानमा बालेन शाहलाई सम्भावित प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरिएको परिकल्पना गर्ने हो भने, त्यसले नेपालको राजनीतिमा नयाँ प्रयोगको अभ्यास गरेको ठहरिन्छ । तर सहकार्यको सम्भावना जति उत्साहजनक देखिन्छ, त्यति नै यसको स्थायित्वबारे प्रश्न पनि उठ्छ । किनभने दुवै नेताको शैली, प्रवृत्ति, सोच र सार्वजनिक व्यवहारमा उल्लेख्य भिन्नता पाइन्छ । यही भिन्नताले सहकार्यलाई कतै बलियो बनाउँछ भने कतै टकराव निम्त्याउँछ । सबैभन्दा पहिले यी दुई नेताको उदयको पृष्ठभूमि बुझ्न आवश्यक छ ।

क्रमश: पृष्ठ-३...

# भैंसेपाटीका २७ ब्लकमध्ये एकमात्र प्रयोगयोग्य, कहाँ बस्छन् नयाँ मन्त्री ?

काठमाडौं/झन्डै ३ अर्ब रुपैयाँ खर्चिएर निर्माण सम्पन्न भएको ललितपुर भैंसेपाटीस्थित मन्त्री निवास परिसर अहिले पनि खण्डहर प्राय: छ । संघीय मन्त्री, राष्ट्रिय सभा अध्यक्ष, उपाध्यक्ष र प्रतिनिधिसभा उपसभामुख निवास समेत रहेको यो परिसरमा मन्त्रीहरू बस्न थालेको एक वर्षमात्र भएको थियो । २३ र २४ भदौको जेनजी आन्दोलनको तारो बनेको यो परिसरका २७ ब्लकमध्ये २६ ब्लकमा आगजनी र तोडफोड भयो ।



रक्षामन्त्री निवास बनाइएको एकमात्र भवनमा सामान्य क्षति भएको थियो । सोही भवन मर्मत र रङरोगन सम्पन्न भएपछि अहिले मन्त्री माधवप्रसाद चौलागाईं बसिरहेका छन् । शहरी विकास मन्त्रालय मातहत संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयका प्रमुख चक्रवर्ती कण्ठका अनुसार यसबाहेक ११ ब्लक पुनर्निर्माण गर्न ठेक्का प्रक्रिया अगाडि बढेको छ । ११ ब्लकको काम असार मसान्त भित्रै सक्ने गरी ठेक्का दिने तयारी छ ।

कण्ठका अनुसार चालु आर्थिक वर्षभित्र ११ ब्लकको काम सकेर भवन प्रयोग गर्न योग्य बनाउने लक्ष्य छ । तर, नयाँ सरकार गठन भई नयाँ मन्त्रीहरू भने आगामी साता भित्रै आउनेछन् । त्यो अवस्थामा भने वैकल्पिक व्यवस्थापन गरिने उनी बताउँछन् । 'सर्वप्रथम कति सदस्यीय मन्त्रीमण्डल बन्छ, मन्त्रीज्यू कति जना हुनुहुन्छ, सोही अनुसार योजना बनाउनुपर्ने हुन्छ,' कण्ठले संचारकर्मीसँग भने, 'निवास व्यवस्थापनको काम त्यसपछि गर्छौं ।'

उनका अनुसार काठमाडौंमा घर भएका मन्त्री भए निजी निवासमै सरकारले दिने सुविधा (सुरक्षा लगायत) उपलब्ध गराउने एउटा विकल्पमा छलफल भइरहेको छ । दोस्रो विकल्प घर भाडामा लिनु हो । भाडामा घर लिँदा समेत विभिन्न विकल्प रहेको उनको भनाइ छ । छुट्टाछुट्टै घर भाडामा लिने वा सामूहिक आवास नै भाडामा लिएर सरकारी सुविधा उपलब्ध गराउने भन्नेमा समेत छलफल भइरहेको उनले बताए । यद्दपि, यो निर्णय कार्यालय एक्लैले भने नलिने उनको भनाइ छ ।

'उच्चस्तरीय निर्णय कुर्छौं, जे निर्देशन आउँछ, सोही अनुसार हामी व्यवस्थापनका लागि तयार छौं,' उनले भने । ११ ब्लकको काम अगाडि बढेसँगै बाँकी ब्लक पुनर्निर्माणको काम समेत अगाडि बढाउने मन्त्रालयको तयारी छ ।

२३ र २४ भदौको आन्दोलनमा भएको क्षति मूल्यांकन गर्न गठन भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्यांकन र सार्वजनिक संरचनाको पुनर्निर्माणको योजना तयार गर्न गठित समितिले तयार पारेको प्रतिवेदन अनुसार कुल ८४ अर्ब ४५ करोड ७७ लाख बराबर क्षति भएको थियो । जुन कुल गार्हस्थ उत्पादन (जीडीपी) को १.३८ प्रतिशत र चालु आर्थिक वर्ष २०८२/८३ को बजेटको ४.३० प्रतिशत बराबर हो ।

यसमध्ये मन्त्री निवासका पहिलो ११ ब्लक पुनर्निर्माणमा मात्र ११ करोडभन्दा माथि लागत लाग्ने अनुमान सहरी विकास मन्त्रालयले गरेको छ । मन्त्री निवास शिलान्यास १३ असोज २०७६ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका थिए । २०८१ भदौसम्म अघिल्लो मन्त्रीमण्डलका धेरै सदस्य यो निवासमा सरिसकेका थिए । यसअघि पुल्चोकमा रहेको मन्त्री निवास अहिले न्यायाधीश निवासमा परिणत गरिएको छ ।

**निर्माण चरणमै छ संसद् भवन**

२३ र २४ भदौको जेनजी आन्दोलनको निशानामा परेको नयाँ बानेश्वरस्थित संसद् भवन जलेर ध्वस्त अवस्थामा छ । विकल्पमा सिंहदरबारमा नयाँ संसद् भवन बनिरहेको छ । सरकारले १ असोज २०७६ मा शिलान्यास गरेको यो भवन निर्माण थालिएको ६ वर्षसम्म पनि पूरा नहुँदा नयाँ सांसद कहाँ र कसरी बस्ने भन्ने अन्योल छ ।

मन्त्रालयका अनुसार अहिले कामलाई तीव्रता दिइएको छ । नयाँ संसद् बैठक बस्ने मिति तय भइसकेको छैन । तर, निर्माण व्यवसायीले व्यापक कामदार खटाएर काम गरिरहेका कारण कम्तीमा नयाँ भवनबाटै बैठक सञ्चालन हुने आशामा संसद् सचिवालय छ । यस भवनमा ७ सय सिट क्षमताको प्रतिनिधिसभा बैठक कक्ष बन्दै छ । सभा हल ४ सय र बाल्कोनीमा ३ सय सिट क्षमता छ । राष्ट्रिय सभाको बाल्कोनीमा २ सय ९० सिट क्षमता छ । ३ सय ५० सिट अट्ने संयुक्त लबी छ । साना-ठूला गरी १० वटा राजनीतिक दलका लागि संसदीय दलको कार्यालय र बैठक कक्ष बनाइएको छ ।

प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभा अध्यक्ष, दलका प्रमुख सचेतक लगायतलाई अतिविशिष्ट कक्ष तयार गरिएको छ । हरेक कार्यकक्षमा २५ सिटको बैठक हलको व्यवस्था गरिएको छ । संघीय संसद् परिसरमा पुस्तकालय र क्यान्टिन हुनेछ ।

नयाँ संसद् भवन क्षेत्रभित्र बगैँचा र सानो चौर रहने छ । प्रेस र छपाइ भवन सहित ७ सय सवारीसाधन पार्किङ गर्न मिल्ने पूर्वाधार सहित सुरक्षाकर्मी भवन बनेका छन् । संसद् परिसरमा पानीको फोहोरासहित हरियाली खुला क्षेत्र हुनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# शिव श्रेष्ठलाई लिएर फिल्म 'टेम्के' बन्ने




काठमाडौं/अभिनेता शिव श्रेष्ठलाई मुख्य भूमिकामा लिएर फिल्म 'टेम्के: द डेस्टिनेसन' निर्माण हुने भएको छ ।

शुक्रबार यो फिल्मको सुन्धारास्थित भन्द्रकाली मन्दिरमा धार्मिक विधिअनुसार स्क्रिप्ट, क्यामेरा र क्ल्याप पूजा गर्दै शुभ मुहूर्त गरियो । उक्त कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले क्ल्याप बजाएर मुहूर्त सटको निर्देशन गरेका थिए ।

आर.डी.एस. नेपालको ब्यानरमा बन्ने यस फिल्मको निर्देशन देवप्रसाद धिमालले गर्नेछन् । यही फिल्मबाट उनले निर्देशनमा डेब्यु गर्न लागेका हुन् । धिमाल स्वयं निर्माता रहेको फिल्ममा पंकज सरदार सह-निर्मातामा छन् भने कार्यकारी निर्मातामा सञ्चारकर्मी भोला सुवेदी (प्रणव), राजनजंग थापा र जित शेरचन रहेका छन् ।

सामाजिक कथावस्तुमा निर्माण हुने यस फिल्ममा शिवसहित अर्जुन थापा, प्रितिका शर्मा, कृष्णप्रसाद धिताल, रिना गुरुङ, सरु कार्की, श्रीदेव भट्टराई, गोकुल सुवेदी, सावित्रा चिलवाल, सृजना बुढा, अभिषेक फुयाँल, रविना दुलाल लगायतका कलाकारहरूको अभिनय रहनेछ । फिल्मको छायांकन नरेश ऐयरले गर्नेछन् भने द्वन्द्व निर्देशनको जिम्मेवारी राजु किराँतले सम्हाल्नेछन् ।

निर्माण पक्षले फिल्मको छायांकन आगामी चैतको दोस्रो सातादेखि सुरु गर्ने योजना बनाएको छ । फिल्मको छायांकन काठमाडौं र भोजपुरका विभिन्न स्थानमा हुनेछ । निर्देशक धिमालका अनुसार नेपाली समाजमा घटेका यथार्थ घटनालाई फिल्ममा रोचक शैलीमा प्रस्तुत गरिनेछ । टेम्के पात्रको संघर्षको कथामा फिल्म आधारित रहने उनको भनाइ छ ।

# दुई धार, एउटै गन्तव्य...

रवि लामिछानेको सार्वजनिक छवि सञ्चारकर्मीका रूपमा निर्माण भएको हो । उनले टेलिभिजन कार्यक्रममार्फत प्रशासनिक भ्रष्टाचार र राज्यको निष्क्रियतामाथि तीखा प्रश्न उठाउँदै आफूलाई 'सिस्टमविरुद्ध बोल्ने आवाज'का रूपमा स्थापित गरेका थिए । यही शैलीले उनलाई लोकप्रियता दिलायो । उनले जनताको असन्तुष्टिलाई शब्द दिए, राज्यका निकायलाई सार्वजनिक रूपमा चुनौती दिए र आफूलाई जनताको पक्षमा उभिएको व्यक्तित्वका रूपमा प्रस्तुत गरे । यही जनसमर्थनलाई उनले पछि राजनीतिक पुँजीमा रूपान्तरण गरे । उनको राजनीति मूलत: जनभावना, आक्रोश र परिवर्तनको आकांक्षामा आधारित देखिन्छ ।

अर्कोतर्फ, बालेन शाहको उदयको कथा फरक छ । उनी इन्जिनियरिङ पृष्ठभूमिका व्यक्ति हुन् र साङ्गीतिक तथा सांस्कृतिक क्षेत्रमा पहिचान बनाएका व्यक्ति हुन् । तर उनको राजनीतिक उभार मुख्यत: सहरी मध्यमवर्ग, युवावर्ग र सामाजिक सञ्जालको सक्रिय समर्थनसँग जोडिएको छ । स्वतन्त्र उम्मेदवारका रूपमा चुनाव जितेर महानगरको नेतृत्व सम्हाल्नु आफैँमा ठूलो राजनीतिक परिघटना थियो । उनले आफूलाई परम्परागत दलहरूको विकल्पका रूपमा प्रस्तुत गरे । शाहको छवि व्यवस्थापन, नियम कार्यान्वयन र प्रशासनिक सुधारमा केन्द्रित देखिन्छ ।

यसैबाट यी दुई नेता बिचको पहिलो ठूलो भिन्नता देखिन्छ- नेतृत्व शैलीमा । लामिछानेको नेतृत्व शैली 'करिस्म्याटिक' तर जनसम्पर्कमा आधारित देखिन्छ । उनी सार्वजनिक भाषण, प्रत्यक्ष संवाद र भावनात्मक अपिलमार्फत समर्थकहरूसँग अन्तरसंवाद गर्छन् । यस्तो शैलीले राजनीतिक आन्दोलनलाई गति दिन सक्छ र छोटो समयमै ठूलो जनसमर्थन जुटाउन मद्दत गर्छ । तर यसले कहिलेकाहीँ संस्थागत प्रक्रियालाई कमजोर बनाउने जोखिम पनि हुन्छ । जब नेतृत्व अत्यधिक केन्द्रीकृत हुन्छ, त्यसमा व्यक्तिवादको अवयव मिसिन आइपुग्छ । त्यतिबेला संस्थागत निर्णय कमजोर बन्न पुग्छ ।

बालेन शाहको शैली तुलनात्मक रूपमा भिन्न छ । उनी कम बोल्छन् तर निर्णयात्मक रूपमा प्रस्तुत हुन्छन् । प्रशासनिक सुधार, सहरी व्यवस्थापन, नियम कार्यान्वयन र संस्थागत अनुशासनमा उनको ध्यान केन्द्रित देखिन्छ । उनले निर्णय गर्दा लोकप्रियताको भन्दा व्यवस्थापकीय आवश्यकतालाई प्राथमिकता दिने सङ्केत गरेका छन् । यस्तो शैलीले प्रशासनिक सुधारमा गति दिन सक्छ । तर यसको अर्को पक्ष पनि छ- कठोर प्रशासनिक निर्णयले राजनीतिक सहमति निर्माण गर्न कठिनाइ हुन्छ ।

यी दुई शैलीको अन्तर सहकार्यको सन्दर्भमा महत्त्वपूर्ण हुन्छ । लामिछानेको राजनीति जनसमर्थन निर्माणमा केन्द्रित छ भने शाहको शैली कार्यान्वयनमा केन्द्रित छ । यी दुईबिच समन्वय हुन सकेन भने सरकार सञ्चालनमा रणनीतिक असहमति देखिन सक्छ । एउटा पक्ष जनभावना व्यवस्थापनमा व्यस्त रहने र अर्को पक्ष प्रशासनिक कठोरता लागू गर्न खोज्ने अवस्था सिर्जना हुन सक्छ । शक्ति संरचनासँग सम्बन्धको प्रश्नमा पनि यी दुई नेताबिच भिन्नता देखिन्छ । लामिछानेको सार्वजनिक छवि मूलत: स्थापित शक्ति संरचनासँग टकराव गर्ने नेताको रूपमा बनेको छ । उनले राज्यका निकाय, दलहरू र प्रशासनिक संयन्त्रप्रति तीखा आलोचना गर्दै आफ्नो राजनीतिक पहिचान निर्माण गरेका छन् । यस्तो शैलीले उनलाई विद्रोही नेताको छवि दिन्छ । तर शासन सञ्चालन गर्दा निरन्तर टकरावको राजनीति टिकाउ हुँदैन ।

राजनीति केवल गल्ती औंल्याउने ठाउँ होइन, समाधान दिने ठाउँ पनि हो । राज्य सञ्चालन गर्दा अनेकौं जटिल निर्णय लिनुपर्छ । त्यहाँ सम्झौता, कूटनीति र दीर्घकालीन रणनीति आवश्यक हुन्छ । लामिछानेको राजनीतिक यात्रामा कहिलेकाहीँ अत्यधिक प्रतिक्रियात्मक प्रवृत्ति देखिएको आलोचकको तर्क छ । समस्या देखेपछि तुरुन्त कठोर प्रतिक्रिया दिनु जनतालाई आकर्षक लाग्न सक्छ, तर शासन प्रणालीमा यस्तो शैलीले अस्थिरता निम्त्याउन सक्छ ।

*(साभार: रातोपाटी)*

# समानुपातिकमा अटाउने, नअटाउने अन्योलबीच कन्सर्टमा फर्किंदै प्रकाश सपुत

काठमाडौं/१५ जनवरीको फेसबुक पोस्टमा गायक तथा अभिनेता प्रकाश सपुतले लेखेका थिए- 'सम्भवत: यो वर्षका लागि यति नै । बरु त्यसपछि आउने समय (१२ देखि २१) को यात्रा फरक भूमिका र जिम्मेवारीको यात्रा हुनसक्छ ।'



फरक र जिम्मेवारीको यात्राको रुपमा उनले राष्ट्रिय स्वतन्त्र पार्टीबाट हुने राजनीतिक करिअर तर्फ संकेत गरेका हुन् । उक्त दलको समानुपातिक सूचीबाट उनी उम्मेदवार छन् । तर, समानुपातिक सांसदको रुपमा उनी छनोट हुन्छन् या हुँदैनन्, यो कुरा भने निर्वाचन आयोगले सार्वजनिक गरिसकेको छैन । आयोगले प्राप्त मतको आधारमा सांसदको सूची पठाउन दलहरूलाई शनिबारसम्मको म्याद दिएको छ ।

उनको नाम दलित क्लस्टरतर्फ दोस्रो स्थानमा छ । यो अन्योलबीच प्रकाशले कन्सर्टमा फर्किन लागेको घोषणा गरेका छन् । ३१ मार्चमा आयरल्यान्डमा आयोजना हुने चैते दशैं मेलामा उनले प्रस्तुति दिने तय भएको छ । बागलुङ समाजको निम्तोमा आफूले पहिलोपटक आयरल्यान्डमा प्रस्तुति दिन लागेको उनले जनाएका छन् ।

समानुपातिक सांसदको यो अन्योलबीच प्रकाश सांगीतिक प्रस्तुतिका लागि विदेश हानिन लागेका हुन् । उनी रास्वपाको चुनावी अभियानमा पनि निकै सक्रिय थिए । दलले संसदमा ३३ प्रतिशत महिला प्रतिनिधित्व गराउनुपर्ने बाध्यता छ । गराउनै पर्ने बाध्यता छ । प्रत्यक्षमा रास्वपाबाट १३ जना महिला निर्वाचित छन् । समानुपातिकबाट ४८ जना महिला राख्नुपर्ने हुन्छ । पुरुषका लागि ९ सिट मात्रै बाँकी छ । यस्तोमा, सपुतको सम्भावना के हुन्छ भन्ने बारे निधो भैसकेको छैन ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

*के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?*

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद'

**दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव, हेटौंडा-२०८२**

मितिः २०८२ फाल्गुन २९ गतेदेखि चैत्र १४ गतेसम्म स्थान : हेटौंडा-१०, टिसिएन चौर

**राष्ट्रिय तेक्वान्दो प्रतियोगिता**
२०८२ चैत्र ११, १२ र १३ गते

**खुल्ला राष्ट्रिय महिला भलिबल प्रतियोगिता**
२०८२ चैत्र ४, ५, ६, ७ र ८ गते

**जिल्ला स्तरीय महिला/पुरुष १० कि.मि. दौड प्रतियोगिता**
२०८२ फागुन २९ गते

**जिल्ला स्तरीय ब्याडमिन्टन प्रतियोगिता**
२०८२ फागुन २९, ३० गते

**जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता**
२०८२ चैत्र १, २ र ३ गते

**जिल्ला स्तरीय कराते प्रतियोगिता**
२०८२ चैत्र ९ र १० गते



# किन खस्कियो एनआर एनएप्रतिको आकर्षण ?




काठमाडौँ/कुनै समय गैर आवासीय नेपाली संघ (एनआरएनए) को नाम सुन्दा विश्वभर रहेका नेपालीहरूको छाती गर्वले फुल्थ्यो । नेपालीका लागि नेपाली भन्ने नारा बोकेर हिँडेको यो संस्था प्रवासमा रहेका लाखौँ नेपालीहरूको आशाको केन्द्र थियो । सरकारले पनि एनआरएनएलाई निकै महत्त्व दिन्थ्यो ।

तर, शनिबारदेखि काठमाडौँमा सुरु भएको संघको १२औँ विश्व सम्मेलनसम्म आइपुग्दा यो गौरव र आकर्षणमा ठुलो ह्रास आएको महसुस गरिएको छ । विगतका विश्व सम्मेलनमा राष्ट्रपति वा प्रधानमन्त्री तहकै सहभागिता रहने गरेको सम्मेलनमा यो पटक परराष्ट्रमन्त्रीको मात्रै सहभागिता रह्यो भने एनआरएनएको सहभागिता पनि न्यून संख्यामा मात्रै रह्यो ।

संस्थाभित्रको बढ्दो राजनीतिक हस्तक्षेप र आन्तरिक गुटबन्दीका कारण एनआरएनएको साख दिनप्रतिदिन खस्कँदै गएको जानकारहरूको भनाइ छ । विगत केही वर्षदेखि एनआरएनएमा चरम विवाद थियो भने जसका कारण एनआरएनए विभाजित बन्न पुग्यो । यहीबिचमा केहीअघि मात्रै एनआरएनएलाई फेरि पुरानै अवस्थामा फर्काउने उद्देश्यका साथ विभाजित समूहबिच एकता भए पनि शनिबार देखि सुरु भएको विश्व सम्मेलनको खासै रौनक नदेखिएको हो ।

२००३ मा स्थापना भएको यो संस्था हाल ९० भन्दा बढी देशमा सञ्जाल फैलिएपनि संस्थाको नेतृत्वका लागि हुने अस्वस्थ प्रतिस्पर्धा, पदीय खिचातानी र सर्वोच्च अदालतसम्म पुगेको कानुनी लडाइँले यसको गरिमालाई कमजोर बनाएको छ । काठमाडौँको एक तारे होटलमा सुरु भएको सम्मेलनमा सहभागी प्रतिनिधिहरूमा विगतको जस्तो उत्साह देखिँदैन, बरु भविष्यको चिन्ता र अन्योल बढी झल्किएको छ ।

सम्मेलनको उद्घाटन सत्रमा बोल्दै संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले भावुक अभिव्यक्ति दिए । उनले संस्थाको साख खस्किनुमा नेतृत्वको व्यक्तिगत स्वार्थ मुख्य दोषी रहेको संकेत गरे । महतोले भने, 'हामीले यो संस्था बनाउँदा नेपाल र नेपालीको हितलाई केन्द्रमा राखेका थियौँ, तर आज पद र प्रतिष्ठाको लडाइँले संस्था नै धराशायी हुने अवस्थामा पुगेको छ ।' उनले एनआरएनए कुनै राजनीतिक दलको भ्रातृ संगठन नभई साझा नेपालीको साझा फूलबारी हुनुपर्नेमा जोड दिँदै अहिलेको विभाजनले प्रवासमा रहेका नेपालीहरूमा निराशा छाएको बताए ।

एनआरएनएप्रतिको आकर्षण घट्नुको एउटा मुख्य कारण यसमा भित्रिएको चरम राजनीति हो । संस्थाको चुनावमा नेपालका राजनीतिक दलहरूको प्रत्यक्ष हस्तक्षेप र समर्थनले गर्दा स्वतन्त्र र विज्ञ व्यक्तिहरू पाखा लाग्दै गएका छन् । जसका कारण संस्थाले आफ्नो मौलिकता गुमाउँदै गएको छ । कार्यक्रममा बोल्ने अन्य पूर्व अध्यक्षहरूले पनि संस्थाको आर्थिक पारदर्शिता र कार्यशैलीमाथि प्रश्न उठाउँदै सुधारको बाटो नअपनाए एनआरएनएको सान्दर्भिकता नै समाप्त हुने चेतावनी दिएका छन् ।

विगतमा एनआरएनएले 'एनआरएन नागरिकता', सामूहिक लगानी र वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको सुरक्षाका पक्षमा सशक्त आवाज उठाउँदै आएको थियो । केही उपलब्धिहरू पनि हासिल भए, तर पछिल्लो समय संस्था आफ्नो एजेन्डाभन्दा पनि आन्तरिक झमेलामा बढी अल्झिएको छ । जसका कारण आम गैरआवासीय नेपालीहरूले यसलाई केवल धनी र ठालुहरूको क्लबका रूपमा हेर्न थालेका छन् । विशेषगरी खाडी र मलेसियामा पसिना बगाउने श्रमिकहरूका लागि एनआरएनएले ठोस काम गर्न नसकेको गुनासो अझै सम्बोधन हुन सकेको छैन ।

सम्मेलनमा वर्तमान नेतृत्वले भने एकताको सन्देश दिन खोजेको छ । कार्यकारी अध्यक्ष डा. बद्री केसी र अध्यक्ष महेश श्रेष्ठले आफूहरू बिचको मतभेद अन्त्य गर्दै संस्थालाई एक बनाउन सहमत भएको दाबी गरे । तर, यो सहमति केवल चुनावी रणनीतिका लागि मात्र हो वा वास्तवमै संस्थाको साख बचाउनका लागि हो भन्नेमा प्रतिनिधिहरू विश्वस्त देखिँदैनन् । सम्मेलनको हलभित्र र बाहिर हुने अनौपचारिक छलफलहरूमा एनआरएनमा लागेर के पाइन्छ ? भन्ने प्रश्नहरू उठ्न थालेका छन्, जुन यसअघिका सम्मेलनहरूमा कमै सुनिन्थ्यो ।

सरकारका तर्फबाट सम्मेलनमा सहभागी भएका परराष्ट्रमन्त्री बालानन्द शर्मालगायतले पनि एनआरएनएलाई एक भएर आउन आग्रह गरे । शर्माले एनआरएनएको आन्तरिक विवादले देशको कूटनीतिक प्रतिष्ठामा समेत नकारात्मक असर परेको तर्फ ध्यानाकर्षण गराए । यस पटकको सम्मेलनमा' नेपालको अर्थतन्त्रमा गैरआवासीय नेपालीको योगदान', 'दोस्रो पुस्ताको सहभागिता' र 'श्रम र सामाजिक सुरक्षा' जस्ता विषयमा सत्रहरू सञ्चालन गरिएका छन् । तर, यी नीतिगत छलफलहरू भन्दा पनि सबैको ध्यान आगामी नेतृत्व र त्यसले ल्याउने एकतामा अडिएको छ । यदि यो सम्मेलनले संस्थालाई साँच्चिकै एकीकृत गर्न सकेन र गुटबन्दी अन्त्य भएन भने प्रवासका नेपालीहरूले एनआरएनएको विकल्प खोज्न सक्ने खतरा बढ्दै गएको अभियन्ताहरू बताउँछन् ।

१२औँ विश्व सम्मेलन केवल एउटा औपचारिक जमघट मात्र हुन नहुने र यसले एनआरएनएको गुमेको विश्वास फर्काउन सक्नुपर्ने पूर्वअध्यक्ष आरके शर्माले बताए । सम्मेलनमा केही पूर्वअध्यक्षहरुको समेत सहभागिता नरहनुले केही खल्लो महसुश भएको उनले बताए ।

**विवादसँगै केही उपलब्धि पनि**

उसो त एनआरएनएभित्र आन्तरिक कलहका बिच केही उपलब्धि भने हासिल भएका छन् । कार्यकारी अध्यक्ष डा. बद्री केसीले संस्था विभाजनको संघारमा पुग्दा पनि नीतिगत तहमा ठुलो सफलता हात पारेको दाबी गरे । उनले २० वर्षदेखि उठाउँदै आएको गैरआवासीय नेपाली नागरिकताको मुद्दा कार्यान्वयनको चरणमा पुग्नुलाई संस्थाको सबैभन्दा ठुलो जितका रूपमा अर्थ्याए । डा. केसीले भने, 'हामी आफैँभित्र निकै कठिन परिस्थितिमा थियौँ, तर यो बिचमा हामीले २० वर्षदेखि माग गर्दै आएको एनआरएन नागरिकता प्राप्त गरेका छौँ । यसले विश्वभरका नेपालीलाई कानुनी रूपमा मातृभूमिसँग सधैँका लागि जोडेको छ ।'

*स्रोतः रातोपाटी*

# ओम बृद्धाश्रमलाई ५५ हजारको खाद्यान्न सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ हेटौंडा-२, चौकीटोलस्थित ओम बृद्धाआश्रमलाई ५५ हजार रुपैयाँ बराबरको खाद्यान्न सामग्री प्राप्त भएको छ ।

शनिबार हेटौंडा-२, मनकामनाचोक निवासी धनमाया बर्तौलाले आफ्ना छोराहरु दिलिप बर्तौला र गोकर्ण बर्तौलासहित परिवारजनको उपस्थितिमा आश्रमलाई खाद्यान्न सहयोग गरेको आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठले जानकारी दिए ।

बर्तौलाले आश्रमलाई चामल १० बोरा, दाल १ बोरा, तेल ८ कार्टुन, नुन १ बोरा, चियापत्ति ४ किलो र चिनी १ बोरा गरी ५५ हजार रुपैयाँ बराबरको सामग्री प्रदान गरेको श्रेष्ठले बताएका छन् ।

आश्रममा जन्मदिन, विवाहउत्सव, वार्षिकोत्सवलगायत विभिन्न अवसरमा सहयोग प्राप्त हुँदै आएको छ । आश्रममा नगद, खाद्यान्न, खाना खुवाउने लगायत सहयोग प्राप्त हुँदै आएको छ । हाल आश्रममा ९ जना पुरुष र १४ जना महिला गरी २३ जना आश्रित छन् ।

# भारतबाट आयात गर्ने विद्युत्को नयाँ दर निर्धारण, १.५ प्रतिशत वृद्धि




काठमाडौं/भारतबाट आगामी एक वर्षका लागि आयात हुने विद्युत्को नयाँ दर निर्धारण भएको छ । नेपाल-भारत विद्युत् आदान-प्रदान समितिको १७औं बैठकले आगामी एक वर्षका लागि नेपालले आयात गर्ने विद्युत्को नयाँ दर निर्धारण गरेको हो । दुवै पक्षबीच भएको विस्तृत छलफलपछि गत वर्ष कायम गरिएको दरमा १.५ प्रतिशतमात्र वृद्धि गर्ने सहमति भएको प्राधिकरणले जनाएको छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यका अनुसार चालु वर्षका लागि १३२ केभी प्रसारण लाइन मार्फत खरिद गरिने विद्युत्को दर प्रतियुनिट ८ रुपैयाँ २२ पैसा, ३३ केभीस्तरमा प्रतियुनिट ८ रुपैयाँ ९१ पैसा तथा ११ केभीस्तरमा प्रतियुनिट ९ रुपैयाँ ५५ पैसा कायम गरिएको छ ।

त्यस्तै विद्युत् खरिद दरको संरचना सम्बन्धी विषयमा आगामी वर्ष पुनः विस्तृत समीक्षा गरी छलफल गर्ने सहमति पनि भएको छ । २८ र २९ फागुनमा भएको उक्त बैठकले भारतका बिहार, उत्तर प्रदेश र उत्तराखण्ड राज्यबाट नेपालले आयात गर्ने विद्युत्को दर निर्धारण गरेको हो । यस सहमतिले आगामी चैत तथा वैशाखमा पर्ने सुक्खा मौसममा नेपालको विद्युत् आपूर्ति व्यवस्थापन थप सुदृढ बनाउने अपेक्षा गरिएको शाक्यले बताए ।

प्राधिकरणका अनुसार सन् १९९२ देखि नेपाल-भारतबीच विद्युत् आदान-प्रदानका लागि स्थापित संयन्त्र मार्फत विद्युत् खरिद प्रक्रिया निरन्तर सञ्चालन हुँदै आएको छ । तीन दशकभन्दा बढी समयदेखि सञ्चालनमा रहेको यो संयन्त्र नेपाल-भारत ऊर्जा सहकार्यको महत्त्वपूर्ण आधारका रूपमा स्थापित भएको प्राधिकरणले जनाएको छ ।

बैठकमा नेपालका तर्फबाट शाक्यले नेतृत्व गरेका थिए भने भारतका तर्फबाट केन्द्रीय विद्युत प्राधिकरणका बोर्ड सदस्य विजय कुमार सिंहले नेतृत्व गरेका थिए । विद्युत् प्राधिकरण सञ्चालक समितिले कार्यकारी निर्देशकलाई उक्त बैठकमा वार्ता गरी विद्युत् खरिद दरमा सहमति गर्न तथा आवश्यक सम्झौतामा हस्ताक्षर गर्ने अख्तियारी प्रदान गरेको थियो ।

वार्ता क्रममा भारतीय पक्षले विद्युत् उत्पादन तथा आपूर्तिसँग सम्बन्धित लागत बढेको उल्लेख गर्दै खरिद दरमा ५.५ प्रतिशत वृद्धि गर्न प्रस्ताव राखेको थियो । तर, नेपाली पक्षले भारतीय विद्युत् बजारको अध्ययन तथा उपलब्ध बजार सूचकांकका आधारमा हालको बजार दर अपेक्षाकृत कम रहेको भन्दै दर वृद्धि आवश्यक नभएको तर्क प्रस्तुत गरेको थियो ।

हाल प्राधिकरणले दैनिक करिब १२ देखि १४ हजार मेगावाट घण्टा विद्युत् आयात गरिरहेको छ र सुक्खा मौसममा ऊर्जा माग बढेसँगै आयात मात्रा अझ बढ्न सक्ने अनुमान गरिएको छ । बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर सञ्जीव राय, परराष्ट्र मन्त्रालयका प्रतिनिधि तथा काठमाडौंस्थित भारतीय दूतावासका प्रथम सचिव सुमन शेखरको समेत सहभागिता थियो ।

दुवै पक्षले यस सहमतिले नेपाल-भारतबीचको ऊर्जा सहकार्यलाई अझ सुदृढ बनाउने, क्षेत्रीय ऊर्जा सुरक्षामा योगदान पुऱ्याउने र दुई देशबीचको दीर्घकालीन मित्रतापूर्ण सम्बन्ध थप मजबुत बनाउने विश्वास व्यक्त गरेका छन् ।

# जेनजी आन्दोलनका घाइतेको विवरण सार्वजनिक




साझाकुरा संवाददाता

हेटौँडा, ३० फागुन/गत भदौ २३ र २४ मा जेनजी आन्दोलनका क्रममा घाइते भएकाहरुको विवरण सार्वजनिक गरिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आन्दोलनका क्रममा उपचार भएका अस्पतालबाट संकलन गरिएको नामअनुसार विवरण सार्वजनिक गरिएको मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले जानकारी दिएका छन् । आन्दोलनमा देशभरिका ९९ अस्पतालमा दुई हजार ६३८ जना घाइतेको उपचार गरिएको विवरण प्राप्त भएको उनले बताए । 'आन्दोलनका क्रममा उपचार भएका सबै अस्पतालबाट घाइतेको विवरण संकलन गरिहेका थियौँ । केही अस्पतालबाट विवरण आउन ढिलो भएकाले सबै घाइतेको विवरण सार्वजनिक गर्न ढिलाइ भयो । हाल सबै घाइतेको विवरण गृह मन्त्रालयलाई पठाएको छ', प्रवक्ता डा.बुढाथोकीले भने ।

विवरणअनुसार गत असोज ३१ गते दुई हजार ५२२, गत माघ ४ गते ७७ र यही फागुन २९ गते थप ३९ जना घाइतेको विवरण गृह मन्त्रालयलाई पठाइएको छ । प्रवक्ता डा.बुढाथोकीका अनुसार सबैभन्दा धेरै चारसय ५८ जना घाइतेको नयाँ बानेश्वरस्थित निजामती कर्मचारी अस्पतालमा उपचार गरिएको छ ।

नेपाल पुलिस अस्पतालमा दुई सय तीन, राष्ट्रिय ट्रमा सेन्टरमा एक सय ९० र त्रिवि शिक्षण अस्पतालमा एक सय आठ जनाको उपचार भएको थियो ।

# टोलविकास संस्थाको संयुक्त बैठक



साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ हेटौंडा उपमहानगरपालिका-४ मा रहेका टोलविकास संस्थाको संयुक्त बैठक महत्वपूर्ण निर्णयसहित सम्पन्न भएको छ ।

शनिबार सम्पन्न बैठकले वडाभित्र विकास, सरसफाइ, तालिम तथा टोल व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यसहित सातवटा महत्वपूर्ण निर्णय गरेको हो । बैठकले वडाभित्र रहेका सबै सडकको सरसफाइ गर्दै कच्ची, खाल्डाखुल्टी, हिलो तथा धुलोमुक्त बनाउने लक्ष्यसहित आर्थिक वर्ष २०८२ भित्र वडा कार्यालयमार्फत् योजना कार्यान्वयनका लागि पहल गर्ने निर्णय गरेको छ । त्यसैगरी आगामी चैत १२ गते वडा नम्बर ४ को आयोजनामा तथा टोलविकास संस्था नगरसमन्वय समितिको व्यवस्थापनमा 'भान्सा नै औषधालय' कार्यक्रम आयोजना गर्ने निर्णय गरिएको छ ।

कार्यक्रममा वडा नम्बर ४ भित्र रहेका सबै टोलविकास संस्थाको सहभागिता रहने जनाइएको छ । बैठकले वडा कार्यालयको समन्वयमा सञ्चालन हुन गइरहेको निःशुल्क मन्टेश्वरी तथा कुक तालिममा सूचनामा उल्लेखित मापदण्डअनुसार प्रशिक्षार्थी सहभागी गराउने निर्णय गरेको छ । यसैगरी आगामी वैशाख महिनामा टोलविकास संस्थाका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने तथा निर्माणाधीन रजतजयन्ती रोडको अधुरो काम अघि बढाउन सम्बन्धित निर्माण व्यवसायी र कार्यालयसँग पहल गर्ने निर्णय गरिएको छ ।

टोल सरसफाइ तथा टोलमा देखिने ससाना समस्याको समाधानका लागि प्रत्येक टोलविकास संस्थाले आफ्नो कार्यक्षेत्रमा अध्ययन र पहल गर्ने निर्णय बैठकले गरेको छ । कार्यकाल सकिए पनि हालसम्म साधारणसभा गर्न बाँकी रहेका टोलविकास संस्थालाई तत्काल साधारणसभा आयोजना गर्न आग्रह गरिएको छ । हेटौंडा-४ मा हाल २६ वटा टोलविकास संस्था सक्रिय रहेका छन् । बैठकमा वडाअध्यक्ष नवीन सिग्देल, वडासदस्य गीता त्रिपाठी, सदस्य जग्गनाथ पाण्डे, टोल विकास संस्था नगरसमन्वय समितिका अध्यक्ष ध्रुव अधिकारी, महासचिव शिवहरि दाहाल, टोलविकास संस्था वडासमन्वय समितिका अध्यक्ष राजेन्द्रकुमार वस्ताकोटी, वडासचिव रामप्रसाद गुरागाईं तथा वडाभित्रका विभिन्न टोलविकास संस्थाका अध्यक्ष तथा पदाधिकारीको उपस्थिति रहेको थियो ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना